**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 10.04.2025**

IISDEM

भारत अंतर्राष्ट्रीय लोकतन्त्र तथा चुनाव प्रबन्धन संस्थान (IIIDEM) मा आज देखि दुई दिने राष्ट्रीय प्रशिक्षण कार्यक्रम शुरू भएकोछ जसमा पश्चिम बंगालका दुई जिल्ला स्तरीय अधिकारी 12 मतदाता पन्जीकरण अधिकारी र 217 बूथ स्तरीय अधिकारीहरू छन्। यो पहल आयोगले 4 मार्चका दिन IIDEM मा मुख्य निर्वाचन अधिकारीहरूको सम्मेलनको बेला सोचेको तृणमूल स्तरका चुनाव संचालनकर्ताहरूको क्षमता वृद्धिका लागि व्यापक प्रशिक्षण योजनाको यो एक भाग हो।

IIIDEM नयाँ दिल्लीमा भारतीय निर्वाचन आयोगले मीडिया नोडल अधिकारी, सोशल मीडिया नोडल अधिकारी र जिल्ला जन-संपर्क अधिकारीहरूको एक दिने ओरिएन्टेशन कार्यक्रमको आयोजना पनि गरियो।

यस कार्यक्रममा 28 राज्य तथा 8 केन्द्र शासित प्रदेशहरूका मीडिया अधिकारीहरूले भाग लिएका थिए।

सिक्किमको टोलीमा भने अतिरिक्त मुख्य निर्वाचन अधिकारी सुश्री पेमा ल्हाडेन लामा, उप सचिव, निर्वचन –सुश्री सोनम छुकी योनजोन तथा मंगन IPR विभागको जिल्ला सूचना अधिकारी श्री राज के शर्मा हुनुहुन्थ्यो।

**आपदा, कार्यलय प्रबन्धन प्रशिक्षण – पाकिम**

जिल्ला प्रशाकन केन्द्र पाकिमको George Telegraph सितको सहयोगमा Dikling उच्च माध्यमिक विद्यालय, पाकिममा आज आपदा प्रबन्धन तथा कार्यालय प्रबन्धन प्रशिक्षण कार्यक्रमका लागि उद्घाटन समारोह आयोजित गरियो।

16 अप्रैल 2025 देखि शुरू हुने एक महीना लामो प्ररशिक्षण पाकिम जिल्लामा जिल्ला आपदा प्राधिकरणका कर्मचारी तथा प्रशासनिक कर्मचारीहरूका लागि तयार पारिएको हो।

यसको उद्देश्य आपदा तयारी समन्वय तथा कुशल कार्यालय प्रवन्धनमा उनीहरूको कौशलमा वृद्धि गर्न रहेको छ।

पाकिमका जिल्लाधीश श्री रोहण अगवाने मुख्य अतिथिको तवरमा उद्घाटन समारोहमा उपस्थिति जनाउनुभयो ।

**Archery**

तेइसौं मुख्यमन्त्री कम्पाउण्ड तिरंदाजी स्वर्ण कप टुर्नामेण्ट पाकिममा आजदेखि शुरू भएको छ।

पाकिम जिल्ला तिरंदाजी संघ र जिल्ला प्रशासनिक केन्द्र पाकिमको तत्वावधानमा आयोजित टुर्नामेण्ट सत्ताइस अप्रेल सम्म चल्नेछ।

यसमा पन्ध्र टीमले भाग लिइरहेछन्।

उद्घाटनको अवसरमा बोल्दै नाथाङ माछोङकी विधायक पामिन लेप्चाले तिरंदाजीलाई सिक्किमको संस्कृति र इतिहाससँग जोड़िएको पारम्परिक खेल बताउनुभयो।

उहाँले भन्नुभयो यस प्रतियोगिताले युवाहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने मंच प्रदान गर्नेछ।

**सिक्किम प्रिमियर लीग**

मौसमका स्थितिहरू प्रतिकूल भए तापनि नाम्चीको भाईचुँङ स्टेडियममा सिक्किम प्रीमीयर लीग 2025 को उद्घाटन समारोह सफलतापूर्वक संपन्नभयो। सिक्किम सरकारको खेल तथा युवा मामिला विभागको तत्वावधानमा आयोजत समारोहमा मुख्यमन्त्री प्रेम सिंह तामाङ मुख्य अतिथिको तवरमा हुनुहुन्थ्यो। उहाँले सिक्किम प्रीमियर लीग 2025 शुरू भएको घोषणा गर्नुभयो। उद्घाटन मैच, Singling FC र Thunderbolt FC बीच भई रहेको छ।

**AFC कँग्रेस मलेशिया**

सिक्किम फुटबल संघ SFA का अध्यक्ष मेनला इथेनपा एघार देखि 13 अप्रैल सम्म मलेशियाको Kuala Lumpur मा हुनेभएको 35 औ एशियाली फुटबल महासंघ सम्मेलन भारतको प्रतिनिधित्व गर्न आज प्रस्थान गर्नुभएको छ। इथेनपा, अखिल भारत फुटबल संघ AIFF को वित्त समितिको अध्यक्ष पनि हुनुहुन्छ। यस सम्मेलनमा भारतको प्रतिनिधित्व गर्न AIFF का अध्यक्ष कल्याण चौबेका साथ AIFF का कोषाध्यक्ष K अजय पनि गएका छन्।

**महावीर जयन्ती**

चौबीसौं र अंतिम जैन तीर यंकर बगवान महावीरको जन्म जयन्ती – महावीर जयन्ती आज पूरा देशमा मनाइन्दैछ। जैन समुदायका लागि यो सबभन्दा पवित्र दिनहरू मध्ये एक हो।

**मौसम**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेका चौबीस घण्टामा गान्तोक र वरपर क्षेत्रको अधिकतम तापमान 15.6 डिग्री सेल्सियस र न्यूनतम तापमान 13.5 डिग्री सेल्सियस रेकार्ड गरियो।

भोलि आकाशमा बादल छाउने केही वर्षाहुने अनि चट्याङको पूर्वनुमान गरिएको छ।

अधिकतम तापमान 19 डिग्री सेल्सियस र न्यूनतम तापमान 11 डिग्री सेल्सियस रहने भनिएको छ।